annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १५६, पृष्ठ ८ | काठमाडौं, शनिबार १७ असोज २०८३ | आश्विन शुक्लपक्ष सप्तमी नेपाल संवत् ११४६ | SATURDAY, OCTOBER 3, 2026

निजामतीमा 'छड्के प्रवेश':

सीधै सचिव नियुक्ति गर्ने तयारीले तरंग

सरकारले संसद्मा दर्ता गराएको 'संघीय निजामती सेवा विधेयक'मा विशिष्ट प्रकृतिका कार्यकारी तथा प्राविधिक पदमा सीधै करारमा सचिवसम्म नियुक्त गर्न सकिने व्यवस्था गरेपछि सार्वजनिक प्रशासनमा तरंग पैदा भएको छ। विज्ञहरूले 'छड्के प्रवेश'ले निजामती प्रशासन बिथोलिन सक्ने आशंका गरेका छन्।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

समाचार पृष्ठ २



विज्ञ मत

छड्के प्रवेशले प्रशासन बिथोलिन सक्छ

डा. काशीराज दाहाल

लामो समयको प्रतीक्षापछि संघीय निजामती सेवा विधेयक अन्ततः संसद्मा दर्ता भएको छ। नेपालको सम्पूर्ण प्रशासनिक संयन्त्र, संगठित संस्था र विश्वविद्यालयहरूका लागिसमेत मार्गदर्शनका रूपमा रहने यो विधेयकको संसदीय यात्रा भने निकै उतारचढावपूर्ण रहेको छ।

विधेयक सर्वप्रथम २०७४ सालमा संसद्मा प्रवेश गरी राज्य व्यवस्था समितिमा तीन वर्षसम्म दफावार छलफल भई पारित भएको थियो। तर प्रतिनिधिसभामा छलफलके क्रममा विभागीय मन्त्री फेरिएपछि विधेयक फिर्ता लिइयो। पुनः २०७९ सालमा केही परिमार्जनसहित दर्ता भई समिति र उपसमितिमा व्यापक छलफल भयो। कुलिङ अफ पिरियडलगायतका विषयमा सहमति जुट्दै प्रतिनिधिसभाबाट पारित भई राष्ट्रियसभामा पुगे पनि जेठ आन्दोलनको पृष्ठभूमिमा संसद् विघटन भएसँगै विधेयक पुनः निष्क्रिय हुन पुग्यो।

अहिले तेस्रोपटक वर्तमान सरकारले आफ्नो १०० शासकीय सुधारसम्बन्धी कार्यसूची अनुसार संसद्मा विधेयक पेस गरेको छ। कानुन, अर्थ र लोक सेवा आयोगजस्ता निकायहरूको सहमति र परामर्श लिनुपर्ने कानुनी प्रक्रियाका कारण केही महिना समय लागे पनि विधेयक संसद्मा पुग्नु आफैंमा महत्त्वपूर्ण कदम मानिन्छ।

विगतका मस्यौदाका धेरैजसो विषयलाई कायम राख्दै वर्तमान विधेयकमा केही नयाँ र आधारभूत व्यवस्थाहरू थप गरिएका छन्। अनिवार्य अवकाशको उमेर हद ६० वर्ष कायम गरिए पनि संक्रमणकालीन व्यवस्थापनका लागि विधेयक प्रारम्भ हुँदाका बखत ५५ वर्ष उमेर वा ३० वर्ष स्थायी सेवा अवधि पूरा भएका कर्मचारीहरू सेवाबाट बहिर्गमन हुने नयाँ प्रावधान राखिएको छ। त्यसैगरी सेवा अवधि ३० वर्षभन्दा बढी जतिसुकै भए पनि पेन्सनको उपल्लो हद बढीमा ३० वर्षको सेवा अवधिलाई मात्र मानिने गरी नयाँ व्यवस्था गरिएको छ।

» बाँकी पृष्ठ २

भित्री पृष्ठ

मूर्त-अमूर्त सम्पदाको अमूल्य विरासत - पृष्ठ ३

सपना, संघर्ष र संकल्प - पृष्ठ ४



श्रुतिदेखि कृत्रिम बौद्धिकतासम्म - पृष्ठ ५

११२ कम्पनीका सवा ७१ अर्बको आईपीओ पाइपलाइनमा - पृष्ठ ७

कांग्रेस महाधिवेशनमा शीर्ष नेता एउटै मञ्चमा

राधा खनाल | *काठमाडौं*

नेपाली कांग्रेसको १५औं महाधिवेशनको उद्घाटन समारोहमा मुलुकका प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू एउटै मञ्चमा देखिने भएका छन्। असोज १८ गते काठमाडौंको खुलामञ्चमा हुने उद्घाटन समारोहमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, एमाले अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, जसपा अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत सहभागी हुने कांग्रेसले जनाएको छ।

श्रम संस्कृति पार्टीका महासचिव आरेन राई तथा राष्ट्रिय जनमोर्चाका तर्फबाट कार्यवाहक महासचिव घनश्याम पौडेल पनि सहभागी हुने कांग्रेस प्रवक्ता एवं महाधिवेशन सूचना, सञ्चार तथा प्रविधि समितिका संयोजक देवराज चालिसेले बताए। कांग्रेसले शीर्ष नेताहरूलाई व्यक्तिगत रूपमा पुगेर निमन्त्रणा दिएको छ। सहमहामन्त्री उदयशमशेर राणाले लामिछाने, ओली र प्रचण्डलाई उनीहरूको निवासमै पुगेर निमन्त्रणा गरेका थिए। पूर्वप्रधानमन्त्री

डा. बाबुराम भट्टराई, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क राईलगायतलाई केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका महानिर्देशक डा. सुरेश आचार्यले औपचारिक निमन्त्रणा दिएका थिए।

छैन भड्किलो प्रचार

लगातारको वर्षा र प्राकृतिक विपद्का कारण दुई दिनपछि सरेको महाधिवेशनलाई कांग्रेसले यसपटक भड्किलो प्रचारप्रसारबाट टाढा राख्ने निर्णय गरेको छ। भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विपद् तथा असोज ८-११ सम्मको वर्षाबाट भएको मानवीय क्षतिको पृष्ठभूमिमा प्रचार सामग्रीले सहर नढाक्ने कांग्रेसको निर्णय छ।

खुलामञ्चमा एउटा मूल गेटबाहेक अन्य प्रचार सामग्री नराखिने र डिजिटल बोर्डमार्फत मात्र सूचना प्रवाह गरिने चालिसेले बताए। उम्मेदवारहरूलाई पनि डिजिटल माध्यमबाट मात्रै प्रचार गर्न आग्रह गरिएको छ।

७,७०० भन्दा बढी प्रतिनिधि

कांग्रेसका अनुसार १५औं महाधिवेशनमा ७७ सयभन्दा बढी महाधिवेशन प्रतिनिधि सहभागी हुँदैछन्। यसअघि १४ औं महाधिवेशनमा ४ हजार ७ सय ४३ जना महाधिवेशन प्रतिनिधिहरूको सहभागिता थियो। यो भनेको प्रतिशतका हिसाबले ६२ प्रतिशतभन्दा बढी हो। सभापतिको दोस्रो चरणको मतदानमा ४ हजार ६ सय २३ मत खसेको थियो।

» बाँकी पृष्ठ ६

लालपुर्जा छ, अभिलेख छैन

२६ वर्ष पुग्दासमेत मुक्तकमैयाका समस्या उस्तै

जे पाण्डे | *नेपालगन्ज*

बाँकेको राप्तीसोनारी-६ कमैयाडाँडाका गोपीलाल थारूको हातमा ५ कट्ठा जग्गाको लालपुर्जा छ। तर सरकारी अभिलेखमा भने उनको नाममा जग्गा छैन। नापी, भूमिसुधार तथा मालपोत कार्यालयदेखि अन्य सरकारी निकायका अभिलेखमा जग्गा नभेटिएपछि उनी वर्षौंदेखि आफ्नो जग्गाको अस्तित्व प्रमाणित गराउन सरकारी कार्यालय धाइरहेका छन्।

'जग्गा छ' भन्ने प्रमाणका रूपमा लालपुर्जा बोकेका गोपीलालले त्यही जग्गा बेच्न, बैंकमा धितो राख्न वा अन्य कुनै आर्थिक कारोबार गर्न भने पाएका छैनन्। कारण एउटै हो- सरकारी अभिलेखमा उनको जग्गाको कुनै रेकर्ड नहुनु।

२०६९ साल चैत १९ गते तत्कालीन भूमि सुधार तथा व्यवस्था मन्त्रालयले गोपीलाललाई ५ कट्ठा जग्गाको जग्गाधनी प्रमाणपुर्जा दिएको थियो। सरकारले दिएको जग्गाको प्रमाणपुर्जा हातमा भए पनि त्यसको अभिलेख सरकारी कार्यालयमै नहुँदा उनी १४ वर्षदेखि अन्योल र हैरानीमा छन्।

शुक्रबार बाँकेको खजुरामा लुम्बिनी प्रदेश सरकारले आयोजना गरेको मुक्तकमैया तथा कम्लहरीसम्बन्धी कार्यक्रममा कृषि, भूमि तथा सहकारीमन्त्री कृष्णकुश्मा थारू, मन्त्रालयका सचिव डा. जानुका पण्डितसहित उच्च अधिकारीहरूसमक्ष आफ्नो समस्या सुनाउँदै गोपीलालले भने, 'धेरै पटक नापी र मालपोत कार्यालय धाएँ। कतै लगत भेटिएन। कुनै थ्रेस्तामा मेरो नामको जग्गा छैन।'

सरकारी कार्यालयले नै आफ्नो जग्गाको अभिलेख नभएको बताएपछि थप समस्या भेल्नु परेको उनको गुनासो छ। 'सरकारले जग्गा दिएको वा दिने भनेको निर्णय पनि छैन भन्दै फर्काईदिन्छन्। सरकारले दिएको जग्गाको थ्रेस्ता सरकारकै कार्यालयमा नहुँदा धेरै दुःख पाइयो,' उनले भने।

गोपीलालको समस्या एक्लो होइन। अर्का मुक्तकमैया विष्णुप्रसाद थारूको अवस्था पनि उस्तै छ। उनीसँग पनि ५ कट्ठा जग्गाको जग्गाधनी प्रमाणपुर्जा छ। तर उनको नाममा रहेको भनिएको जग्गाको समेत सरकारी अभिलेख भेटिँदैन। वर्षौंदेखि नापी र मालपोत कार्यालय धाउँदा पनि समस्या समाधान नभएपछि विष्णुप्रसाद पनि प्रदेश सरकारका मन्त्री र सचिवसमक्ष गुनासो गर्न कार्यक्रममा पुगेका थिए।



'जति पटक धाए पनि नापी-मालपोतका हाकिमले तिम्रो जग्गा छैन भन्छन्। फिल्डबुकमा इन्ट्री नै छैन भन्छन्,' उनले भने, 'दिक्क लाग्न थाल्यो हजुर।' लालपुर्जा हातमा भएर पनि सरकारी अभिलेखमा जग्गा नदेखिनु गोपीलाल र विष्णुप्रसादका लागि केवल कागजी समस्यामात्र होइन। सरकारले दिएको भनिएको जग्गाको स्वामित्व व्यवहारमा प्रयोग गर्न नसक्दा उनीहरू वर्षौंदेखि आफ्नो सम्पत्तिको अधिकार स्थापित गराउन संघर्ष गरिरहेका छन्।

» बाँकी पृष्ठ ६